# लिलाम बिक्रिसम्बन्धी सूचना

## प्रथमपटक प्रकाशित मिति :२०७५।११।०२

नेपाल विद्युत प्राधिकरण तालिम केन्द्र परिसर खरिपाटी हाताभित्र रहेका पुराना काम नलाग्ने सामान, उपकरण तथा फर्निचरहरु जे जस्तो अवस्थामा रहेको छ, सोही अवस्थामा लिलाम बिक्रि गर्नुपर्ने भएकोले इच्छुक फर्म/कम्पनी/व्यक्तिबाट बोलपत्र आव्हान गरिएको छ ।

**<u>शर्तहरुः</u>**

१. बोलपत्र फारम सूचना प्रकाशन भएको मितिले २१औं दिनसम्म कार्यालय समयभित्र ने.वि.प्रा.,तालिम केन्द्रको नाममा बैंक अफ काठमाडौं लि., सुर्यविनायकमा रहेको खाता नं. ०१२७००००००३५२४ मा रु. १,१३०।०० (अक्षेरुपी एक हजार एक सय तीस मात्र) दाखिला गरी सोको सक्कल भौचर, बोलपत्र खरिद गर्ने फर्म/ कम्पनिको दर्ता, कर दर्ता प्रमाण पत्र र हालसम्मको नविकरण/कर चुक्ता प्रमाणपत्रको स्वयं द्वारा प्रमाणित प्रति तथा व्यक्तिको हकमा नागरिकता प्रमाणपत्रको स्वयं द्वारा प्रमाणित प्रतिलिपिसहित नेपाल विद्युत प्राधिकरण तालिम केन्द्र, खरिपाटी भक्तपुरमा आवेदन दिइ बोलपत्र कागजात खरिद गर्नु पर्नेछ ।

२.सूचना प्रकाशित भएको मितिले २२ औं दिन दिनको १२:०० बजेसम्ममा बोलपत्र दर्ता गरिसक्नु पर्नेछ । बोलपत्र सोही दिन दिनको २:०० बजे बोलपत्रदाताको प्रतिनिधिको रोहवरमा (प्रतिनिधि उपस्थित नभए पनि खोल्न वाधा नपर्ने) खोलिनेछ ।

३. बोलपत्रमा आफुले कबोल गरेको रकमको १० प्रतिशत वरावरको नगद माथि उल्लेखित बैंक खातामा दाखिला गरी सोको सक्कल भौचर वा नेपाल स्थित क श्रेणीको वाणिज्य वैंकबाट जारी भएको कम्तीमा ९० दिन म्याद भएको विना शर्तको बैंक जमानत संलग्न हुनु पर्नेछ ।

४. सामानहरु जे जस्तो अवस्थामा छ, सोही अवस्थामा लिनु पर्नेछ । लिलाम हुने पुराना सामानमा कर लाग्ने भएमा नियमानुसार लाग्ने सम्पूर्ण कर सम्वन्धित बोलपत्रदाताले तिर्नु बुझाउनु पर्नेछ ।

५. प्रस्तुत लिलामी सामानहरुको न्यूनतम मूल्यांकन रकम रु.१,५५,१५२।२४ (मू.अ.कर सहित) रहेको छ । सबै भन्दा बढी मूल्य कबोल गर्नेको बोलपत्र स्विकृत गरिनेछ ।

६. लिलामीमा रहेका सामानहरु तालिम केन्द्रमा आइ हेर्न सकिनेछ । अन्य विस्तृत जानकारीका लागि तालिम केन्द्रको फोन.नं.०१-६६१००३३ मा सम्पर्क गरी बुझ्न सकिनेछ ।

नेपाल विद्युत प्राधिकरण

तालिम केन्द्र

खरिपाटी,भक्तपुर